नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति

मितिः २०८१/१०/३०

नेपाल - भारत सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee, JSC) को १२ औं बैठक नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सुरेश आचार्य तथा भारत सरकारको विद्युत मन्त्रालयका सचिव श्री पंकज अग्रवालको सहअध्यक्षतामा हिजो मिति २०८१ माघ २९ गते भारतको नयाँ दिल्लीमा सम्पन्न भयो । करिव २ बर्षदेखि टुगोंमा पुग्न नसकिएका केहि नेपाल-भारत अन्तर्देशीय प्रसारण लाइनहरुको बिषयमा गत बर्षको नोभेम्वरको पहिलो सातामा नयां दिल्लीमा भएको नेपालका मा. उर्जा, जलश्रोत तथा सिचाई मन्त्री श्री दिपक खड्काज्यू र भारतीय समकक्षी मा. विद्युत मन्त्री श्री मनोहर लालज्यू वीच भएको भेटवार्ता पश्चात सम्भव भएको हो । हिजोको JSC को बैठकले मिति २०८१ माघ ९ गते सम्पन्न भएको सह सचिवस्तरीय संयुक्त कार्यदल (Joint Working Group, JWG) को बैठकले सिफारिस गरेका बिषयहरुमा छलफल गर्यो । उक्त बैठकमा नेपाल-भारत बीचको मौजुदा विद्युत प्रसारण लाइनहरु, निर्माणाधीन तथा प्रस्तावित अन्तर्देशीय प्रसारण लाइनहरु, भारतीय लगानीका विभिन्न जलविद्युत आयोजनाहरु तथा सम्बद्ध प्रसारण लाइन आयोजनाहरू, अन्तर्देशीय विद्युत आयात-निर्यात लगायतका विषयहरुमा छलफल भई मुख्यतया देहाय बमोजिम सहमति भएको छ ।

१. हाल सञ्चालनमा रहेको पहिलो अन्तर्देशीय ढल्केवर-मुजफ्फरपुर ४०० किलोभोल्ट प्रसारण लाइनबाट हुने विद्युत आयात-निर्यातको परिमाण ८०० मेगावाटबाट १००० मेगावाट पुऱ्याउने ।
२. चमेलिया (नेपाल) - जौलिजीवी (भारत) वीचको २२० किलोभोल्ट डवल सर्किट प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन (DPR) मार्च २०२५ सम्म तयार गर्ने र नेपाल खण्डको प्रसारण लाईन नेपाल विद्युत प्राधिकरण तथा भारत खण्डको प्रशारण लाइन पावर ग्रिडले डिसेम्वर, २०२७ सम्म निर्माण सम्पन्न गर्ने ।
३. नेपाल-भारत बीच इनरूवा — न्यु पुर्णिया र दोदोधरा - बरेली वीचको ४०० किलोभोल्ट क्षमताका अन्तर्देशीय प्रसारण लाइनहरुको निर्माण कार्य संयुक्त उपक्रम मार्फत क्रमशः सन् २०२८/२९ र २०२९/३० सम्ममा सम्पन्न गर्ने । यसका लागि नेपालतर्फको प्रशारण लाइन नेपाल विद्युत प्राधिकरणको ५१% र भारतको पावर ग्रिडको ४९% तथा भारततर्फको प्रशारण लाइनको लागि ५१% पावर ग्रिड र ४९% नेपाल विद्युत प्राधिकरणको स्वपुंजी रहने गरी संयुक्त उपक्रमको मोडालिटीमा गर्ने सहमति भयो । संयुक्त उपक्रम कम्पनी स्थापना सम्बन्धी कार्य १(एक) महिनाभित्र थालनी गर्ने समेत सहमति भयो ।
४. सन् २०३४-३५ सम्मका लागि नेपालबाट थप विद्युत भारत निर्यात गर्नका लागि तल उल्लेखित अन्तर्देशीय प्रसारण लाइनहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण तथा विस्तार गर्ने ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

क) निजगढ/हरनैया (नेपाल) - मोतिहारी (भारत) वीच ४०० के.भी. प्रसारण लाइन ।

ख) कोहलपुर (नेपाल) - लखनउ (भारत) वीच ४०० के.भी. प्रसारण लाइन ।

ग) ढल्केवर (नेपाल) - मुजफ्फरपुर (भारत) वीच ४०० के.भी. प्रसारण लाइनमा उच्च क्षमताको HTLS (Quad Moose वरावर क्षमताको) कन्डक्टरद्वारा प्रतिस्थापन ।

५. थप विद्युत निर्यातको लागि स्विकृति/सहमति दिने कार्यमा थप सहजीकरण गर्ने ।

सन् २०१४ मा सम्पन्न भएको नेपाल-भारत विद्युत व्यापार सम्झौताको दफा ५ मा भएको व्यवस्था अनुसार सम्झौता कार्यान्वयन पक्षलाई सहजीकरण गर्दै आवश्यक निर्देशन प्राप्त गर्न र यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न दुवै मुलुकका सचिवस्तरीय समिति (Joint Steering Committee, JSC) तथा सह सचिवस्तरीय कार्यदल (Joint Working Group, JWG) गठन गरिएको थियो

सन्दीप कुमार देव
सहसचिव एवम् प्रवक्ता